बडीमालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(रोजगार सेवा केन्द्र)

मार्तडी, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८१/८२

च.नं. २०८१/८२-००-०११२३

मितिः २०८१-११-०४

ने.सं.: ११४५ सिल्लागा ४ आइतवार

श्री वडा कार्यालय सबै,

बडिमालिका नगरपालिका

मार्तडी,बाजुरा।

बिषय: बेरोजगार व्यक्ति सूचीमा सूचीकृत हुनका लागि निवेदन दिने वारे सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन २०७५, को दफा ११ रोजगारीको हक सम्बन्धी नियमावली २०७५, को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संसोधन) २०७८ को दफा १ बमोजिम आगामी आर्थिक वर्ष २०८२/०८३ मा बडीमालिका नगरपालिका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्नसक्ने १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेको ईच्छुक बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८१ फाल्गुन ६ गते देखि २९ गतेभित्र तोकिएको ढाँचामा निवेदन दिन सम्बन्धी सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आवश्यक कागजातहरु:

१. नागरिकताको प्रमाणपत्र प्रतिलिपी १ प्रति ,

२. अपाङ्गता भएको हकमा अपाङ्गताको परिचयपत्र १ प्रति,

३. विवाह गरी आएको हकमा विवाह दर्ताको प्रमाणपत्र र बसाइ सरी आएको हकमा बसाइसराइँको कागजात १ प्रति,

४. निवेदकको कुनै सीपमूलक तालिम लिएको भए सोको प्रतिलिपी १ प्रति,

५. शैक्षिक योग्यता तथा काम गरेको सम्बन्धीत विवरणहरु

नोट:- अपूर्ण जानकारी तथा वडा अध्यक्षको हस्ताक्षर नगरिएको निवेदनहरु रोजगार सेवा केन्द्रले EMIS (रोजगार व्यवस्थापन सूचना प्रणाली) मा प्रविष्ट गर्न रोजगार सेवा केन्द्र बाध्य हुने छैन।

बोधार्थ: श्री सबै वडा कार्यालयहरुले सूचना प्रसार तथा आवेदन संकलन गरिदिन हुन।

श्री सूचना प्रविधि शाखा: वेवसाइट फेसबुक पेजमा अपलोड गरिदिन हुन।

प्रेम बहादुर माझी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Email Address: info@badimalikamun.gov.np, badimalikamunicipality@gmail.com Phone No: 097541285
Website: badimalikamun.gov.np

Scanned with CamScanner